विधेयक संख्या

# स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रदेश सभा सचिवालय**
**नदीपुर, पोखरा**

**"स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**

<u>प्रस्तावना</u> : गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनिय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) "पदाधिकारी" भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत सम्झनु पर्छ ।

(झ) "समन्वय समितिको प्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ञ) "समन्वय समितिको उपप्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ ।

(ट) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँसभा, नगरपालिकाको हकमा नगरसभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनु पर्छ ।

(ठ) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२२ र धारा २२३ बमोजिमको गाउँसभा वा नगरसभाका सदस्य सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनु पर्छ ।

३. सुविधाको प्रारम्भ : (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मिति देखि अनुसूची-१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतका आधारमा मासिक सुविधा पाउनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मिति २०७४ सालमा भएको स्थानीय निर्वाचनबाट निर्वाचित स्थानीय तहका पदाधिकारी र सदस्यहरुले २०७४ साल साउन १ गतेबाट मात्र उक्त सुविधा पाउनेछन् ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

४. सवारी तथा यातायात सुविधाः (१) प्रमुख तथा अध्यक्षलाई सम्वन्धित स्थानीय तहले सवारी साधन तथा इन्धन उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा यस दफा बमोजिमको अन्य यातायात सुविधा उपलब्ध गराइने छैन ।

(३) गाउँपालिका वा नगरपालिकाका वडाध्यक्ष वा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन जाँदा र आउँदा यातायात प्रयोग गर्नु पर्ने भएमा त्यस्तो पदाधिकारी तथा सदस्यले स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सार्वजनिक यातायातमा लाग्ने भाडादर बराबरको रकम यातायात खर्च पाउन सक्नेछन् ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि सार्वजनिक यातायातमा लाग्ने भाडादर भन्नाले सरकारी निकायबाट तोकिएको सार्वजनिक यातायातको भाडादर वा सम्बन्धित स्थानीय तहले निर्धारण गरेको भाडादर सम्झनु पर्दछ ।

५. <u>सञ्चार सुविधा</u> : स्थानीय तहले पदाधिकारीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सञ्चार सुविधा वापतको रकम उपलब्ध गराउन सक्नेछ ।

६. <u>दैनिक भ्रमण भत्ता</u> : (१) पदाधिकारी र सदस्यले स्थानीय तहसँग सम्वन्धित कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्नु पर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची-१ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउनेछन् ।

(२) उपदफा (१) बमोजिम भ्रमण गर्नु परेमा सो वापत लाग्ने यातायात खर्च बिल बमोजिमको रकम भुक्तानी दिइनेछ ।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकमको दुर्घटना वीमा गर्दा लाग्ने वीमा शुल्क वापत विल बमोजिमको रकम उपलब्ध गराइनेछ ।

७. <u>चाडपर्व खर्च</u> : पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको सुविधा बराबरको रकम प्रत्येक आर्थिक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

८. <u>एउटा सुविधा मात्र पाउने</u> : सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउनेछ ।

९. <u>दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा</u> : (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिकरुपले अशक्त भई हिँडडुल गर्न निजलाई सहयोगीको सेवा आवश्यकता छ भन्ने कुरा अध्यक्ष वा प्रमुख वा समन्वय समितिको प्रमुखलाई लागेमा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने एक जना सहयोगी उपलब्ध गराउनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछ,

(क) दैनिक भत्ता : पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ता : पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१०. भत्ता तथा सुविधा वापतको रकम भुक्तानी : (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्वन्धित पदाधिकारी वा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा अन्य सुविधा वापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय वा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

११. सुविधा नपाउने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर, फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा पाउने छैन तर अदालतबाट सफाई पाएमा उल्लेखित सुविधा पाउनेछ ।

१२. सुविधा कम हुने गरी निर्णय गर्न सक्ने : दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनले पदाधिकारी वा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा सम्वन्धित स्थानीय तहको अन्तरिक स्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ ।

१३. सुविधाको दुरुपयोग गर्न नहुने : यस ऐन बमोजिमको सुविधा सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउने छन् । सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानी नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

१४. अनुसूचीमा हेरफेर गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१५. अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुने : यस ऐनमा लेखिएदेखि बाहेकका अन्य सुविधा तथा भ्रमण खर्च सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

१६. बचाऊ : यो ऐन लागू हुनुभन्दा अगाडी सभाको निर्णय बमोजिम पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा ब्यबस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

(दफा ३, ५, ६, ७ र ८ सँग सम्बन्धित)

**पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधा**

(क) गाउँकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यको सुविधा

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३१,००० | २६,००० | १८,००० | ९,००० | ६,००० |
| २. | कार्यपालिका/ सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | १५०० | १००० | ८०० | - | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १६०० | १५०० | १४०० | १४०० | १४०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १४० | १२५ | १२५ | १२५ |
| ६. | विदेश भ्रमण गर्दाको यात्रा वीमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | ५ | ५ | ५ |

(ख) नगरकार्यपालिकाका प्रमुख, उपप्रमुख, सदस्य तथा नगरसभाका सदस्यको सुविधा

(अ) नगरपालिका

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३५,००० | ३०,००० | २०,००० | १०,००० | ७,००० |
| २. | कार्यपालिका/ सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | २००० | १५०० | १००० | - | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १८०० | १६०० | १५०० | १५०० | १५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी | १५० | १४० | १२५ | १२५ | १२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | डलरमा) | | | | | |
| ६. | विदेश भ्रमण गर्दाको यात्रा वीमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | ५ | ५ | ५ |

(आ) महानगरपालिका

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ४३,००० | ३८,००० | २५,००० | १२,५०० | ८,३५० |
| २. | कार्यपालिका/ सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | ३००० | १५०० | १००० | - | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २००० | १८०० | १५०० | १५०० | १५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १७५ | १५० | १२५ | १२५ | १२५ |
| ६. | विदेश भ्रमण गर्दाको यात्रा वीमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | ५ | ५ | ५ |

(ग) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३८,००० | ३०,००० | ११,००० |
| २. | कार्यपालिका/ सभाको बैठक भत्ता | प्रति दिन रु. | - | - | - |
| ३. | सञ्चार सुविधा | प्रति महिना रु. | १५०० | १००० | - |
| ४. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १८०० | १६०० | १५०० |
| ५. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन (अमेरिकी डलरमा) | १५० | १२५ | १२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | विदेश भ्रमण गर्दाको यात्रा वीमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | ५ |

*द्रष्टव्य* :१. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

२. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता वापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

प्रदेश सभाको सम्वत् २०७४ साल चैत २३ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको ब्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

नेत्रनाथ अधिकारी
सभामुख
प्रदेश नं ४

मिति :